# भक्तपुर नगरपालिकामा जनप्रतिनिधिहरूको सय दिन

भक्तपुर नगरपालिकामा निर्वाचित जनप्रतिनिधिले काम गरेको एक सय दिन पुगेको अवसरमा भाद्र १२ गते एक समारोहको आयोजना गरियो। नगरका विभिन्न क्षेत्र र पेशाका नगरवासीहरूको बाक्लो उपस्थितिबीच आयोजित कार्यक्रममा जनप्रतिनिधिहरूले आफ्नो एक सय दिनको कार्य र उपलब्धिको चर्चा गरेका थिए।




भक्तपुर नगरपालिकाले आयोजना गरेको 'जनप्रतिनिधिहरूको सय दिन' कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका अध्यक्ष एवं सांसद नारायणमान बिजुक्छें (रोहित) ले नेपालप्रति हेर्ने भारतको दृष्टिकोण शत्रुवत् भएको बताउनु भयो।

प्रमुख अतिथि बिजुक्छेले नेपालमा भइरहेको भारतीय शासक र भारतीय राजदूतावासको दबाब देशको लागि चिन्ताको विषय हुँदा समयमै नेपाली जनता सचेत हुनुपर्छ भन्नुभयो। सरकारी मुद्दा हराउनेहरूलाई न्यायाधीश बनाउँदा न्याय नपाउने उल्लेख गर्दै उहाँले गलत नीति र कार्यको आलोचना सरकारको निम्ति अपाच्य भएको विचार व्यक्त गर्नुभयो। भारतका लागि नेपाली राजदूतले कुनै धर्मको दर्शन छाँटेर एक प्राध्यापकको भूमिका निर्वाह गर्ने नभई देशको हितमा कूटनीतिक भूमिका खेल्नुपर्नेमा सो नभएको अध्यक्ष बिजुक्छेले बताउनुभयो।

जनप्रतिनिधि र कर्मचारीहरूले निःस्वार्थ र इमानदारीपूर्वक देश र जनताको सेवामात्र होइन पदीय दायित्व पूरा गर्न योग्य, सक्षम हुनुपर्छ– उहाँले भन्नुभयो। अध्यक्ष बिजुक्छेले विदेशी शक्ति राष्ट्रको अगाडि आफ्नो देशको हितबारे बोल्न नसक्ने प्रधानमन्त्रीहरू योग्य नहुने उल्लेख गर्दै ठूला राष्ट्र र राष्ट्र प्रमुख समक्ष झुक्ने या आत्मसमर्पण गर्नु



कार्यक्रममा मन्तव्य राख्नु हुँदै नेमकिपा अध्यक्ष एवं सांसद बिजुक्छें, प्रमुख प्रजापति, उपप्रमुख जोशी, सीडिओ पोखरेल र संस्कृतिविद् ग्वंग

देशकै निम्ति दुर्भाग्य रहेको बताउनुभयो । उहाँले भन्नुभयो- सरकार संसदप्रति उत्तरदायी हुन्छ, संसदले अस्वीकृत गरेको संविधान फेरि उल्टाउने कुरा प्रमले गर्नुहुँदैनथ्यो, नेपालको संविधानबारे भारतीय प्रम मोदीले टिप्पणी गर्नु हुँदैनथ्यो ।



मन्तव्य राख्नु हुँदै इतिहासविद् श्रेष्ठ, डा. श्रेष्ठ, वडाध्यक्ष कवां र वडाध्यक्ष ज्याख्व

उहाँले स-साना सडकमा १०-१२ पाङ्ग्रा भएको गाडी चलाउँदा घर चर्कने, पानीको पाइप फुट्ने हुँदा त्यस्तो गाडी जहाँतही गुड्न नदिने र विद्यार्थीहरूको सुरक्षाको निम्ति गाडीको गति कम गर्ने सम्बन्धी सूचनाको बोर्ड राख्नुपर्ने, जनस्वास्थ्य केन्द्रमा बिरामीहरूको चाप बढेको हुँदा सोहीअनुसार बस्ने र थकाइ मार्ने ठाउँको व्यवस्था गर्नुपर्ने विचार उहाँले व्यक्त गर्नुभयो ।

अतिथि बिजुक्छेंले सोही दिनदेखि भक्तपुर नपाको वडा नं. ३, ४ र ६ वडाका प्रत्येक घर-घरमा स्वास्थ्य सेवा पुऱ्याउन वडाध्यक्षहरू क्रमश राजकृष्ण गोरा, कुमार चवाल र हरिराम सुवाललाई स्वास्थ्य सामग्री हस्तान्तरण गर्नुभयो ।

प्रमुख जिल्ला अधिकारी द्रोणप्रसाद पोखरेलले जनताको अपेक्षा र आवश्यकता पूरा गर्न जनताले घच्घच्याउनु पर्नेमा जोड दिंदै सुन्दर, शान्त र उदाहरणीय नपा बनाउन लागि परेको भक्तपुर नपालाई सबैले साथ र सहयोग गर्नुपर्ने बताउनुभयो ।

भक्तपुर भनेपछि भक्तपुर नपा सम्झिने हुँदा यस ऐतिहासिक र पुरातात्त्विक तथा सम्पदा स्थलमा भक्तपुर नपाले गरेको काम र व्यवस्थापन अरू नपाको लागि अनुकरणीय हुने विचार पनि उहाँले व्यक्त गर्नुभयो ।

संस्कृतिविद् तेजेश्वरबाबु ग्वंगले सांस्कृतिक नगर घोषणा भए यहाँका पुरातात्त्विक महत्त्वका सम्पदाहरू संरक्षण गर्न थप टेवा पुग्ने विश्वास व्यक्त गर्दै सम्पदा र सम्पदा संरक्षणबारे संस्कृतिविद्, अनुसन्धानकर्ताहरूलाई देखाएर प्रचार गर्न सके राष्ट्रिय र अर्न्तराष्ट्रिय समुदायमा पुग्ने बताउनुभयो ।

इतिहासविद् प्रा.डा. पुरूषोत्तमलोचन श्रेष्ठले नगरवासीको मन र भावना बुझेर काम गरे जनप्रतिनिधिहरू सफल हुने विचार व्यक्त गर्दै सय दिनको उपलब्धि र कार्यनीतिबारे जानकारी दिने काम प्रशंसनीय छ भन्नुभयो । गुठी जग्गाको नाससँगै सम्पदा पनि नास भइरहेकोमा चिन्ता व्यक्त गर्दै उहाँले सांस्कृतिक पुनर्जागरणको नेतृत्व भक्तपुर नपाले गरिरहेको छ भन्नुभयो ।

मानव अङ्ग प्रत्यारोपण केन्द्रका प्रमुख डा. पुकारचन्द्र



भक्तपुर नगरपालिकाको सय दिन कार्यक्रममा उपस्थिति

भक्तपुर नपाका प्रमुख सुनिल प्रजापतिले कार्यक्रमको सभापतिको आसनबाट एक सय दिनमा भए गरेका गतिविधिहरूको जानकारी दिंदै भक्तपुर नगरलाई सफा, सुन्दर बनाई पर्यटकहरूको गन्तव्यस्थल, ज्ञान विज्ञानको केन्द्र र नेपालकै उदाहरणीय नगरको रूपमा विकास गर्ने लक्ष्य रहेको बताउनुभयो । *(प्रमुख प्रजापतिले प्रस्तुत गर्नुभएको मन्तव्यको पूर्ण पाठ २१ पृष्ठमा दिइएको छ)*

कार्यक्रममा उपप्रमुख रजनी जोशीले स्वागत गर्दै घोषणापत्रअनुसार योजनाहरू बनाएको र सीमित साधन श्रोत र असीमित आवश्यकतालाई मिलाउनु पर्ने चुनौति रहेको बताउनु भयो ।




प्रमुख अतिथि बिजुक्छेंबाट ३ नं. का वडाध्यक्ष गोरालाई स्वास्थ्य सामग्री हस्तान्तरण गरिंदै

श्रेष्ठले प्रत्येक घर घरमा स्वास्थ्य सेवा पुऱ्याउने नपाको काम देशकै उदाहरणीय काम भएको चर्चा गर्दै त्यसलाई देशव्यापी फैलाउनेतर्फ आफूले पनि सहयोग गर्ने बताउनुभयो । केन्द्रले देश र देश बाहिरका मृगौला रोजीहरूको सेवा गरिरहेको औंल्याउँदै उहाँले ऐन पास भएको तीस दिनमै कलेजो प्रत्यारोपण गरेको र अहिले मुटु र फोक्सोको प्रत्यारोपण गर्ने तयारी भइरहेको जानकारी दिनुभयो ।




प्रमुख अतिथि बिजुक्छेंबाट ४ नं. का वडाध्यक्ष चवाललाई स्वास्थ्य सामग्री हस्तान्तरण गरिंदै




प्रमुख अतिथि बिजुक्छेंबाट ६ नं. का वडाध्यक्ष सुवाललाई स्वास्थ्य सामग्री हस्तान्तरण गरिंदै

कार्यक्रममा भक्तपुर नपा वडा नं. ७ का वडाध्यक्ष उकेश कवांले 'गाईजात्रा महोत्सव २०७४' मा प्रस्तुत घिन्ताङघिसी, परम्परागत नाचगान तथा आधुनिक नृत्य र ख्याल विधाका उत्कृष्ट टोलीहरूको नतिजाबारे जानकारी दिनुभयो भने वडा नं. ९ का वडाध्यक्ष रवीन्द्र ज्याख्वले पनि बोल्नुभएको थियो ।

भक्तपुर नपाका कार्यकारी अधिकृत रोहितराज पोखरेलले धन्यवाद ज्ञापन गर्दै विहानले दिनको संकेत सय दिनको कामले दिएको छ भन्नुभयो ।